# नेपाल धितोपत्र बोर्ड

## वर्तमान अध्यक्षको कार्यकालको समीक्षा सम्वन्धी

### प्रेस विज्ञप्ती

नेपाल सरकारको निर्णयानुसार वर्तमान अध्यक्षको रुपमा २०७२ कार्तिकदेखि चार वर्षको लागि नियुक्त भई यही असोज मसान्तमा कार्यकाल समाप्त हुदैछ । बोर्डको अध्यक्षको लागि नियुक्त भई वहाली भएको दिन नै बोर्डको तर्फवाट यो यो कार्य गर्ने भनी कार्य योजना प्रस्तुत गरेको साथै सरकारको नीति निर्देशानुसार के के कार्य भए त्यस्को समीक्षा गर्ने प्रयास गरिएको छ ।

- म आउन पूर्व धितोपत्र बजारमा लगानीकर्ताहरुले कस्ता समस्या व्यहोरिरहेका थिए ? यहाँहरुलाई थाहा नै छ । प्राथमिक बजारमा शेयर आवेदन दिन लाइन लाग्नु पर्ने, बोराका बोरा आवेदन पर्ने, आफ्नो पैसा तथा बोनस एवं हकप्रद लिन पनि लाईन लाग्नु पर्ने साथै दोस्रो बजारमा पनि नामसारीलाई ३-४ महिनासम्म लाग्ने, क्लियरिङ्ग गर्न धेरै दिन लाग्ने इत्यादि समस्याहरु थिए जसले गर्दा नियामक निकायको हैसियतले आत्माग्लानी हुन्थ्यो । त्यस्तो समस्या अहिले देख्नुहुन्छ ? धेरैले त बिर्सिसके ।
- २०६३-६५ मा म नेप्सेको प्रमुख हुँदा प्रथम चरणको सुधारअन्तर्गत गैर मुनाफाकारी नेप्सेलाई मुनाफाकारी संस्था बनाई संचालक समितिमा ब्रोकरको सट्टा विज्ञ राख्ने, कारोबार अटोमेसन, पहिलो पटक ब्रोकर शूल्कमा ५० प्रतिशत कटौती, नेप्सेसंग ब्रोकर अफिसबाट कारोबारको शुरुआत, २३ ब्रोकरवाट २७ थप गरी ५० पुर्‍याउने, सेन्सेटिभ र फ्लोट इन्डेक्सको साथै Circuit Breaker को शुरुवात इत्यादि महत्वपूर्ण सुधारका कार्यहरु भएका थिए ।
- बोर्डमा पद वहालीसँगै पूँजीबजारको दोस्रो चरणको सुधार, कार्ययोजना प्रस्तुत गरे अनुसार अधिकांश कार्यान्वयन भएका छन् । मेरो नेतृत्वमा बोर्डले धेरै किसिमका सुधारका कार्यहरु गरेको छ । मेरो कार्यकालमा पाँच सरकार-पाँच अर्थमन्त्रीसँग काम गर्दा पनि आर्थिक तथा वित्तीय क्षेत्रमा लामो राष्ट्रिय तथा अन्तराष्ट्रिय अनुभव तथा विज्ञता, बैंक तथा धितोपत्र बजार संचालन साथै नियमन दुवैको अनुभव, कानुनको ज्ञान, व्यवस्थापकीय क्षमता, सुधारमा प्रतिवद्धता, लगनशिलता र इमान्दारिताको साथै बोर्ड टिमको कारणले सफल भएको भन्ने लाग्छ । मैले वहाली गर्दाको अवस्था र अहिलेको उपलब्धि हेर्दा गर्व पनि लाग्छ ।
- बोर्डले यस अवधिमा एक कोणबाटभन्दा पनि विभिन्न कोणवाट उल्लेख्य र संरचनात्मक सुधारका कामहरु गरेको छ । डिम्याट खाता अनिवार्य गरी आस्वा प्रणाली र अटोमेशनले गर्दा धितोपत्र बजार पारदर्शी र आधुनिक भई नेपाल दक्षिण एशियामा अग्रपंक्तीमध्येमा आएको, आइपिओदेखि लिष्टिंग ट्रेडिंगसम्म छ महिनावाट एक महिनामा हुने र आइपिओ बाँडफाँट तीन महिनावाट एक हप्तामा हुने व्यवस्थाले समय र लगानी लागत उल्लेख्य घटेको । आफ्नै डिम्याट खाता र बैंक खतामा शेयर तथा रकम स्वत: जम्मा हुने व्यवस्था, प्राथमिक बजारमा १० कित्तासम्म आवेदन दिन पाउने, साथै आवेदकले न्यूनतम १० कित्ता पाउने व्यवस्था, आस्वामार्फत स्थानीय निकायसहित ७७ जिल्लामा पहुच, दोस्रो बजार सबै प्रदेशसहित प्रमुख आर्थिक केन्द्रहरुमा विस्तार, लगानीकर्ताको संरचना समावेशीरुपमा वृद्धि, धितोपत्र नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था IOSCO को सदस्यतामार्फत अन्तर्राष्ट्रिय मान्यताप्राप्तसहित बोर्डको संस्थागत क्षमता अभिवृद्धि इत्यादि उपलब्धिहरु रहेका छन । मेरो नेतृत्वमा बोर्डले गरेका मुख्य सुधारका केही अन्य कार्यहरु निम्नबमोजिम रहेका छन् :

१. **प्राथमिक वजार सुधार तथा विकास** क) डिम्याट खाता अनिवार्य गरी आस्वा प्रणालीपश्चात घन्टौ लाईन वस्नुपर्ने, सिमित स्थानवाटमात्र दरखास्त दिन सक्ने, लामो समयसम्म आफ्नो रकम होल्ड हुने तथा पूरा व्याज नपाउने जस्ता समस्याहरुको समाधान ख) एक नेपाली एक डिम्याट खाताको साथै ५० को सट्टा १० कित्तासम्म आवेदन दिन पाउने, साथै न्यूनतम १० कित्ता पाउने व्यवस्थामार्फत बजार समावेशी भएको ग) एफपिओको मूल्य निर्धारणका मापदण्ड तय तथा एकचोटी एफपिओ निश्काशन गरेपछि पाँच वर्षसम्म निष्काशन गर्न नपाउने व्यवस्था घ) अन्तर्राष्ट्रिय वित्तीय संस्थाले स्थानीय मुद्रामा ऋणपत्र जारी गर्न पाउने इत्यादि ।

२. **दोस्रो वजार सुधार तथा विकास** क) २०६४ सालको कारोवार अटोमेशनपछि २०७२ माघदेखि नामसारी राफसाफ अटोमेशनको शुरुआत गरी तीन दिनभित्र नामसारी राफसाफ हुने व्यवस्था गरिएको साथै हालै अनलाईन कारोबारको शुरुवात । ख) धितोपत्र कारोवारमा लाग्ने दलाल व्यवसायी शुल्कलाई समसामयिक वनाई ४० प्रतिशतसम्म कम गरिएको । ग) लगानीकर्ताले मार्केट डेप्थ हेर्न सक्ने व्यवस्था । घ) एक मात्र क्लियरीङ्ग बैंकको सट्टा तीन क्लियरीङ्ग बैंक थप गर्ने व्यवस्था र ङ) दोस्रोबजार विस्तार र च) विक्री नभएको हकप्रद सेयर लिलाम प्रक्रियामा उपत्यकावाहिरको प्रमुख केन्द्रहरुवाट समेत आवेदन दिनसक्ने व्यवस्था इत्यादि ।

३. **लगानीकर्ताका प्रत्यक्ष समस्या समाधान:** सूचिकृत कम्पनीहरुले प्रदान गर्ने हकप्रद तथा बोनस शेयर तथा नगद लाभांशसहितको रकम लगानीकर्ताका आफ्नै डिम्याट खाता र बैंक खातामा स्वत: जम्मा हुने व्यवस्था इत्यादि ।

४. **ब्रोकर र मर्चेन्ट बैंकिङ्ग सेवा/क्षेत्र विस्तार सुदृढीकरण:** क) मर्चेन्ट वैकरको पूँजीवृद्धिसहित संस्थागत परामर्शको सेवाको कार्यक्षेत्र थप र सेवासुदृढसहित काडमाडौवाहिर शाखा विस्तार र ख) धितोपत्र व्यवसायीको पूँजीवृद्धिसहित कार्यक्षेत्र (मार्जिन कारोवार) वृद्धि, सेवा र शाखापूर्वाधार सुदृढ र शाखा विस्तारको व्यवस्था ।

५. **बोर्डको संस्थागत क्षमता अभिवृद्धि:** बोर्ड अध्यक्ष एवं कर्मचारी र संचालकमा आचारसंहिता लागू, बोर्डमा दक्ष जनशक्ति तीन गुणा थप गर्नुका साथै संस्थागत, नियमनकारी र सुपरीवेक्षकीय क्षमता अभिवृद्धि गरिएको ।

६. **नयाँ वित्तीय उपकरण/सेवाको व्यवस्था:** क) खुलामुखी सामूहिक लगानी योजना संचालन गर्ने व्यवस्था । ख) भेन्चर क्यापिटल, प्राइभेट इक्युटी र हेज फण्डको संचालन गर्न विशिष्टिकृत लगानी कोषको व्यवस्था र ग) ब्रोकरवाट मार्जिन कारोवार हुने व्यवस्था ।

७. **कानुनी संरचनाको विकास तथा सुदृढीकरणको साथै आर्थिक जरिवनासहितको कानूनी कारवाही:** यस अवधिमा क) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, धितोपत्र सूचीकरण तथा कारोवार नियमावली, विशिष्टिकृत लगानी कोष नियमावली, वस्तु विनिमय वजार ऐन र नियमावली वनाई लागु गरिएको ।

ख) साथै रु. १० लाखसम्मको विभिन्न किसिमको आर्थिक जरिवनासहितको धितोपत्र ब्रोकर व्यवसायीहरु, कोष व्यवस्थापक र डिपीहरुलाई कानूनी कारवाही गरिएको ।

८. **बास्तविक क्षेत्रका कम्पनीलाई धितोपत्र बजारमा ल्याउने प्रोत्साहनमूलक प्याकेज र सूचिकृत कम्पनीमा सुशासन निर्देशिका लागू:** क) धितोपत्र बजारमा बास्तविक क्षेत्रका कम्पनीहरुलाई प्रवेश गर्न प्रोत्साहन गर्न न्यूनतम दश प्रतिशतसम्म सार्वजनिक निष्काशन गर्न पाउने, प्रिमियममा यस्तो निष्काशन गर्न पाउने साथै सरकारवाट १५-२५ प्रतिशतसम्म आयकर छुट सहितको प्याकेज प्रोग्रामको व्यवस्था गरिएको ख) सूचिकृत कम्पनीमा सुशासन निर्देशिका बनाई आव २०७५।७६ देखि लागू ।

९. **बोर्डलाई अन्तराष्ट्रिय मान्यता**

बोर्ड सन२०१७मा धितोपत्र नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था IOSCO को सदस्यताको साथै सन २०१९मा OECD INFE को नेपालको तर्फबाट पूर्ण सदस्यतासमेत प्राप्त भई यसरी बोर्डले अन्तराष्ट्रिय मान्यता पाएको । साथै वित्तीय साक्षरता सम्बन्धी पहिलो OECD SEBON अर्न्तराष्ट्रिय सम्मेलनको आयोजना ।

१०.**अन्य सुधार र विकास** क) ओटिसीबजार कारोवार शुल्कमा ९० प्रतिशतसम्म कटौती गरी ओटिसी बजारलाइ सक्रिय/प्रभावकारी बनाइएको । ख) धितोपत्रको घरायसी तथा मृत्यु नामसारी प्रक्रिया सम्वन्धित निक्षेप सदस्य (डिपी) वाट हुने व्यवस्था । ग) वित्तीय साक्षरता अभिवृद्धि गर्न धितोपत्र बजारसम्बन्धी रेडियो नेपालसंग पाक्षिक कार्यक्रम र लगानीकर्तासंग पाक्षिक प्रत्यक्ष संवाद रेडियो कायक्रम कातिपुर रेडियोसंग हुने व्यवस्थाको साथै बोर्डमा पाक्षीक निशूल्क लागानीकर्ता प्रशिक्षण समेत संचालन सहितका विभिन्न कार्यक्रमका व्यवस्था । (घ) आ.ब. २०७४।७५ देखि बोर्डको नीति तथा कार्यक्रम सार्वजनिक गर्ने व्यवस्था ङ) बोर्डको सिफारिशमा सरकारबाट बजारमा भ्याट नलाग्ने व्यवस्था र च) बोर्डले विभिन्न प्रकाशन समेत गरी सूचना प्रवाहलाई सुदृढ र व्यापक गरिएको साथै धितोपत्र व्यवसायीहरुको काम कारवाहीको अनुगमन तथा सुपरिवेक्षण गर्न सुपरिवेक्षण म्यानुअल तयारी गरी यसलाई सुदृढ गरिएको इत्यादि ।

**तत्काल कार्यान्वयनको कममा रहेका कार्यहरु**

क) अन्तिम चरणमा रहेको वैंकको सहायक कम्पनीलाई ब्रोकर लाइसेन्स दिई प्रतिस्पधात्मक सेवा प्रदान गर्ने । ख) प्रशिक्षण प्रतिष्ठान र प्रादेशिक कार्यालयको स्थापना । ग) अर्थतन्त्रको आकार र वस्तु कारोवारको सम्भाव्यता तथा लगानीकर्ताको हित संरक्षणलाई समेत दृष्टिगत गरी बोर्डबाट दुईवटा मात्र वस्तु विनिमय बजार सञ्चालन गर्न स्वीकृति प्रदान गरिने नीतिगत निर्णय भएअनुसार अनुमति प्रदान गरी यस्तोवजार संचालन गराउने । घ) बोर्डको संस्थागत सुधारका लागि धितोपत्र सम्बन्धी ऐन संशोधनको प्रस्ताव अर्थमन्त्रालयमार्फत संसदमा प्रस्तुत र ङ) यसका अलवा धितोपत्र व्यवसायी (ब्रोकर र मर्चेण्ट वैकिंग) नियमावली, सामूहिक लगानी कोष नियमावली, क्रेडिट रेटिङ्ग नियमावली, धितोपत्र दर्ता तथा निष्काशन नियमावली आदिमा महत्वपूर्ण संशोधन गरी प्रस्तावित संशोधन नेपाल सरकार अर्थमन्त्रालयमा स्वीकृतिका लागि पेश गरिएको । मुख्यत: ब्रोकरलाई डिलरसिप र एड्भाईजरी सेवा प्रदान गर्नेका साथै धितोपत्र व्यवसायी गाभिने/ प्राप्ति हुने, सबै नियमन संस्थामा स्वार्थ बाभिन नहुने, राईट शेयर दोव्वर भर्न पाउने, सार्वजनिक निष्काशनमा बुक विल्डङ्ग विधि अपनाउने, स्थानीयले पाउने शेयरको लकईन पिरियड घटाउने, लाईफ ईन्सुरेन्स कम्पनीले म्युचुअल फण्ड संचालन गर्न पाउने इत्यादि व्यवस्था गरिएको छ । साथै भित्री कारोबार निषेध नियमावली बोर्डबाट अर्थमन्त्रालय स्वीकृतिका लागि पठाई सकिएको छ ।

**चुनौतीहरु**

क) अर्थतन्त्र र पूँजी बजारको आवश्यकता र विकास सम्बोधन गर्न निजी क्षेत्रमा थप एक स्टक एक्सचेञ्ज प्रवेश गराउने नीतिगत निर्णय भैसकेको परिप्रेक्ष्यमा नेप्सेको कर्पोरेट निजीकरण शुरुवातको साथै आधुनिक अर्को स्टक एक्स्चेञ्ज स्थापना गरी प्रतिस्पर्धात्मक, स्वस्थ र आधुनिक बजारको विकास र विस्तार गर्ने, जसवाट आधुनिक सुविधा उपलब्ध भई दैनिक रु ५ अरवको कारोवार हुनसक्ने । ख) ऋणपत्र बजारलाई आधुनिक र सक्रिय बनाउने । ग) अन्तर्राष्ट्रिय स्तरको धितोपत्र कारोवारको टेष्टेड सफ्टवेयर प्रणाली अपनाई गैर आवासीय नेपाली तथा विदेशी संस्थागत लगानीकर्ताहरुलाई बजारमा प्रवेश गराउने र घ) नियमन निकायसहित वजारसहभागीहरुको क्षमता अभिवृद्धि गरी नेपालको धितोपत्र बजारलाई अन्तर्राष्ट्रिय रुपमा स्तरोन्नति गराउनु नै मुख्य चुनौती रहेको छ ।

अब म यहाँबाट सेवा निवृत भएतापनि पूँजीबजारसहित अर्थतन्त्र, बैकिङ्ग, लघुवित्त र सामाजिक कार्यमा मेरो विज्ञता र सेवा समर्पित गर्ने प्रण गर्दछु ।

**अन्त्यमा नेपाल सरकारले मलाई काम गर्ने अवसर दिई पूँजीवजारको विकास/सुधारको लागि विशेष योगदान गर्न पाएकोमा नेपाल सरकार प्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै सहयोगको लागि बोर्ड परिवारलाई विशेष धन्याबाद दिन चाहन्छु ।**

( डा. रेवत बहादुर कार्की )
अध्यक्ष

**असोज १३, २०७६**